# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# ललितपुर, बागमती प्रदेश, नेपाल

## नगर प्रहरी सेवा करारमा लिनेसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति- २०७७/१२/१२ गते

यस महालक्ष्मी नगरपालिका, ललितपुरका लागि तपसिल बमोजिमका कर्मचारी करार सेवामा लिनुपर्ने भएकाले निम्न योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको प्रशासन शाखामा देहाय बमोजिमको कागजातसहित आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं : | पद | माग सङ्ख्या |
|---|---|---|---|
| १ | ५/०७७/७८ | **नगर प्रहरी नायब निरीक्षक** | १ |
| २ | ६/०७७/७८ | **नगर प्रहरी सहायक निरीक्षक** | २ |
| ३ | ७/०७७/७८ | **नगर प्रहरी जवान** | १० |
| ४ | ८/०७७/७८ | **नगर प्रहरी जवान (भान्छे)** | १ |
| ५ | ९/०७७/७८ | **नगर प्रहरी जवान (सवारी चालक)** | १ |

**१. आवश्यक न्यूनतम योग्यता**

(क) २० वर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको तर नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट स्वेच्छिक अवकाश प्राप्त वा सेवा निवृत्त भएकाहरुको हकमा ४० वर्ष ननाघेको ।

(ग) नगर प्रहरी नायब निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सोसरह उत्तीर्ण भएको र नगर प्रहरी जवानको लागि कक्षा ८ उत्तीर्ण गरेको तर नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट स्वेच्छिक अवकाश प्राप्त वा सेवा निवृत्त भएकाहरुको हकमा सेवाबाट अवकाश हुँदाको पदमा उम्मेद्वार हुन (ग) बमोजिमको शैक्षिक योग्यता आवश्यक पर्ने छैन ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(ङ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(च) मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको ।

(छ) महिलाहरुका लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाइ भएको ।

(ज) छाती- नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(झ) आँखा- माइनस १ वा प्लस १ भन्दा बढी कमजोर नभएको ।

(ञ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ट) नेपाली नागरिक

(ठ) नगर प्रहरी जवान (सवारी चालक) का लागि सवारी चालक अनुमति पत्र भएको हुनुपर्ने ।

(ड) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवा बाट नहटाइएको ।

२.**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

- शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी,
- नेपाली नागरिकताको फोटोकपी,
- निरोगिताको प्रमाणपत्रको फोटोकपी,
- अनुभव खुल्ने कागजातको फोटोकपी,
- नगर प्रहरी जवान (सवारी चालक) का लागि सवारी चालक अनुमति पत्र (category B र G) को फोटोकपी ।

३.**छनोटको आधार** : महालक्ष्मी नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम ।

४. **आवेदन दस्तुर :**

- नगर प्रहरी नायब निरीक्षक पदका लागि रु. ४००,
- नगर प्रहरी सहायक निरीक्षक पदका लागि रु.३००,
- नगर प्रहरी जवान, नगर प्रहरी जवान (भाान्छे) र नगरी प्रहरी जवान (सवारी चालक) का लागि रु. १००

५.**सेवासुविधा:** नगर कार्यपालिकाको निर्णयबमोजिम ।

पुनश्चः आवेदन फाराम यस नगरपालिकाको वेभसाइट www.mahalaxmimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**